# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः २** **संख्याः ३५** **मितिः २०८०।०६।१९**

भाग — १

नौगाड गाउँपालिका क्षेत्र भित्रका प्राईभेट फर्म रजिष्ट्रेशन ऐन(पहिलो संशोधन),२०७९

सभाबाट प्रमाणित मितिः२०७५।०१।२१
प्रमाणीकरण मितिः २०७५।०१।२१
पहिलो संशोधनः २०७९।१०।११
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८०।०६।१९

**प्रस्तावना:** नौगाड गाउँपालिका क्षेत्रभित्र संचालन गरिने व्यापारिक तथा औद्योगिक प्राईभेट फर्महरु संचालन नियमन र नियन्त्रण गर्न बान्छनिय भएकोले सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ अन्तरगत गाउँपालिकाको एकल अधिकार क्षेत्र भित्र पर्ने दफा ११ उपदाफा (ञ) ले दिएको अधिकार प्रयोग गरि नौगाड गाउँपालिकाको विशेष गाउँ सभा २०७९ (दोस्रो) बाट यो ऐन जारि गरिएको छ।

अध्यक्ष
नौगाड गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम :"नौगाड गाउँपालिका प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४" रहने छ ।

ख) यो ऐन नौगाड गाउँपालिका भरी लागु हुने छ ।

ग) यो ऐन तुरुन्त लागु हुने छ ।

**२. परिभाषाः** " विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ।

क) **"गाउँपालिका"** भन्नाले जौगाड गाउँपालिका सम्झनु पर्छ ।

ख) **"गाउँ सभा"** भन्नाले नौगाड गाउँपालिकाको वार्षिक तथा विशेष गाउँ सभा सम्झनु पर्छ ।

ग) **"कार्यपालिका"** नौगाड गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) **"अध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नौगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) **" प्राईभेट फर्म"** भन्नाले निजि वा कथित नामबाट एक वा एक भन्दा बढी व्यक्तिले मुनाफा आर्जन गर्ने उद्धेश्यले गाउँपालिका क्षेत्र भित्र निकासी पैठारी गर्न संचालन गरिने एकल वा संयुक्त व्यापारिक फर्महरुलाई सम्झनु पर्छ। यस अन्तरगत मुनाफा आर्जनको उद्देश्य संचालित व्यापार व्यवसाय,औद्योगिक,कृषि, पशुपालन, शिक्षा स्वास्थ्य र सेवा मुलक फर्महरुलाई समेत सम्झनु पर्ने छ ।

छ) **"निकासी"** भन्नाले नौगाड गाउँपालिकाबाट अन्य गाउँपालिकामा निकासी गर्ने कामलाई सम्झनु पर्ने छ ।

ज) **"पैठारी"** भन्नाले अन्य गाउँपालिकाबाट नौगाड गाउँपालिका भित्र मालसामान पैठारी गर्ने काम सम्झनु पर्ने छ ।

झ) **"आदेश"** भन्नाले नौगाड गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्ने छ ।

ञ) **"सम्बन्धीत शाखा"** भन्नाले प्राईभेट फर्म दर्ताका लागि स्थापना हुने छुट्टै रजिष्ट्रेशन शाखा वा उद्यम विकास तथा वाणिज्य शाखा सम्झनु पर्ने छ । यो शाखा द्धारा गरिने प्राईभेट फर्म रजिष्टेशनको काम प्रमुख प्रशासकीय अधिकृत वा शाखाको कर्मचारीले गर्न सक्नेछ ।

**३. दर्ता नगराई प्राईभेट फर्म खोल्न नपाईनेः** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगराई कसैले पनि प्राईभेट फर्म खोल्न हुदैन ।

अध्यक्ष
नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**४. प्राईभेट फर्म खोल्नका लागि दरखास्त दिने र रजिष्ट्रेशनः**

१) कुनै प्राईभेट फर्म रनिष्टर गराउन चाहने व्यक्तिले तोकेको दस्तुर सहित तोकिएको ढाँचाको दस्तुर यस गाउँपालिकाको कार्यालयमा दिन सक्नेछ । त्यस्तो दरखास्तमा देहायका विवरण खोलिएको हुनुपर्छ ।

क) प्राईभेट फर्मको नामः

ख) प्राईभेट फर्मको ठेगानाः

ग) प्राईभेट फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने चिज बस्तु तथा कामको विवरण ।

घ) प्राईभेट फर्मको धनीको नाम ठेगाना र बुबाआमा र बाजे बज्यैको नाम ।

ङ) समय समयमा नौगाड गाउँपालिकाले सुचि आवेदन द्धारा तोकिएको अरु विवरणहरु,

२) उपदफा (१)अन्तरगत कसैले दरखास्त दाखिला भएपछि सम्बन्धित शाखाले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरि हेर्दा दरखास्तमा खोलिएको विवरण साचो हो भन्ने आफुलाई विश्वास हुने मनासिब कारण भएमा र दरखास्त गरे बमोजिम प्राईभेट फर्म खोल्न मनासिब देखेमा तोकिए बमोजिमको रजिष्टर किताबमा प्राईभेट फर्म रजिष्टर गरि त्यसको तोकिएको ढाँचामा प्रमाण पत्र दरखास्त वलालाई दिईनेछ ।

३) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एकभन्दा बढी प्राईभेट फर्म रजिष्टर गरिने छैन ।

**५. प्राईभेट फर्मको प्रमाण पत्रको अवधी र नविकरण गर्ने तरिकाः** यो ऐन बमोजिम रजिष्टर भएकन प्रत्येक प्राईभेट फर्मको प्रमाण पत्रको अवधी नविकरण गर्ने तरीका आ. व. को अन्तिममा नविकरण गराउदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

**६. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः** दफा ४ को उपदफा (१) बमोजिम यस गाउँपालिकामा पेश गरेको विवरणमा कुनै हेरफेर गर्नु परेमा तोकिएको म्याद भित्र तोकिए बमोजिमको सूचना गाउँपालिकाको कार्यालयमा दिनु पर्ने छ र यस गाउँपालिकाबाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्न सकिनेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

**७. यो ऐन बमोजिम रजिष्टर नभएका प्राईभेट फर्मको नामबाट लेनदेन र अरु कारोबारलाई कानुनी मान्यता नदिईने:** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम रजिष्टर नभएको प्राईभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई कानुनी मान्यता दिईने छैन् ।

**८. गाउँपालिकाले विवरण माग गर्न सक्ने:**

(१) यस ऐन अन्तरगत रजिष्टर भएको कुनै प्राईभेट फर्मसँग गाउँपालिकाले त्यस्तो प्राईभेट फर्मको हिसाबको विवरण माग गर्न सक्नेछ ।

(२) उपदाफा(१) बमोजिम माग गरिएको हिसाबको विवरण गाउँपालिकामा पेश गर्नु त्यस्तो प्राईभेट फर्मको कर्तव्य हुनेछ ।

**९. प्राईभेट फर्म खारेज गर्न सकिने:**

(१) देहायको अवस्थामा गाउँपालिकाले प्राईभेट फर्म खारिज गर्न सक्नेछ,

क) वाणिज्य व्यवसाय सम्बन्धी प्राईभेट फर्मले तोकेको अवधी भित्र नविकरण नगराएमा,

ख) प्राईभेट फर्मको धनीले मनासिब कारण दर्शाई आफ्नो प्राईभेट फर्म खारिज गरि पाउँ गरी पाउँ भनी सम्बन्धीत गाउँपालिकामा निवेदन दिएमा,

ग) दफा ४ को उपदफा (३) विपरित हुने गरि कुनै कुरा ढाँटी प्राईभेट फर्म दर्ता गरेको ठहरिएमा,

घ) गाउँपालिकाके दफा ८ कमोजिमको विवरण माग गर्दा सम्बन्भीत प्राईभेट फर्मले तोकिएको अवधीभित्र सो विवरण पेश नगरेमा ,

ङ) उद्योग सम्बन्धी प्राईभेट फर्मले कार्य संचालन गरी गाउँपालिकाको कार्यालयमा जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

च) उद्योग सम्बन्धी प्राईभेट फर्मले नविकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधी भित्र नविकरण नगराएमा वा नविकरण गराए पनि इजाजतको शर्त बमोजिम उद्योग स्थापना र संचालनको लागि बारखाना, मेशिनरी औजार वा उपकरणहरु खरिद वा उद्योग संचालनको आवश्यक कार्य गरेको लिखित प्रगति विवरण यस गाउँपालिकाको कार्यालयमा निदएमा,

छ) प्राईभेट फर्मले यो ऐन अन्तरगत बनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा,



अध्यक्ष
नौगाड गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

२) उपदफा (१) को खण्ड (क), (ख),(ग),(घ),(ङ),(च)वा(छ) बमोजिम गाउँपालिकाले प्राईभेट फर्म खारिज गर्नु अघि
सम्बन्धीत प्राईभेट फर्मलाई सफाईको सबुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।
३) उपदफा (१) को खण्ड (क), (ख),(ग),(घ),(ङ),(च)वा(छ) बमोजिम यस गाउँपालिकाबाट प्राईभेट फर्म खारिज भएमा त्यसरी खारेज भएको फर्म धनीको नाममा एक बर्षम्म सोही उद्देश्य भएको अर्को प्राईभेट फर्म रजिष्टर गरिने छैन ।

**१०) दण्ड सजायः**

**क)** यो ऐन बमोजिम रजिष्टर नगराई खोलिएका प्राईभेट फर्मको प्रत्येक धनीलाई सम्बन्धित गाउँपालिकाले रु ५००। देखि रु ३०००। सम्म गर्ने छ, सोहि अपराध फेरी फेरी ३ पटक सम्म पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप १०००। हुनेछ । चौथो पटक पनि त्यस्तो कार्य गरेमा निजका नाममा कहिले पनि प्राईभेट फर्म दर्ता गरिने छैन ।

**ख)** दफा ४ अन्तरगत दरखास्त दिँदा झुठ्ठा विवरण दाखिला गर्ने व्यक्तिलाई यस गाउँपालिकाले रु ५००। देखि रु १०००। सम्म जरिवाना गर्न सक्ने छ ।

**ग)** दफा ६ बमोजिम दिनु पर्ने सूचना तोकिएको म्याद भित्र नदिने वा झुठो सूचना दिने प्राईभेट फर्मलाई गाउँपालिकाले रुः ५००। देखि रुः१००० सम्म जरिवाना गर्न सक्नेछ ।

**घ)** यस ऐन बमोजिम रजिष्टर वा नविकरण नभएको प्राईभेट फर्म र सो फर्मको कारोबार गर्ने कुनै पनि मालसमान निकासी पैठारी गर्न नपाउने गरी गाउँपालिकाले आदेशद्धारा मनाही गर्न सक्नेछ ।

**ङ)** यो दफा अन्तरगत गाउँपालिकाले गरेको सजाय चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।

**११. नियम तथा कार्यविधि बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँपालिकाले नियम तथा कार्यविधि बनाउन सक्नेछ । सो नियममा लेखिएका कुराहरु उलंघन गर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि सोही नियम वा कार्यविधिमा गाउँपालिकाले गर्न सक्नेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१२. खारेज र बचाऊः** यो ऐन प्रारम्भ हुनु पर्व यस गाउँपालिकाबाट रजिष्टर गरिएको प्राईभेट फर्महरु यसै ऐन बमोजिम दर्ता गरिएको मानिने छ ।

**१)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४ खारेज गरिएको छ ।

**२)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता गरिएका प्राईभेट फर्महरु प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७९ बमोजिम रजिष्ट्रेशन गरिएको मानिने छ ।

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

अध्यक्ष
नौगाड गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत